फोन नं. ०७५-५२०००२
फ्याक्स नं. ०७५-५२०३१०

प्रदेश सरकार
५ नं. प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

डिभिजन वन कार्यालय पाल्पा

रासन ठेक्का वन्दोवस्त सम्बन्धि सूचना

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशन मिति :- २०७६।८।१०

यस कार्यालय र मातहतका सव-डिभिजन वन कार्यालय दरवन्दीमा रहेका कर्मचारी गरी जम्मा संख्या ६९ (पछि थपघट हुनसक्ने समेत) जनाको लागि २०७६ साल माघ १ गते देखि २०७७ साल पौष मसान्तसम्मको लागि राशन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार राशन ठेक्का लिन इच्छुक रजिष्टर्ड ठेकेदारहरुबाट निम्न शर्तहरुको अधिनमा रही रु १०/- को टिकट टाँस गरी शिलबन्दी राशन टेण्डर पेश गर्नको लागि ३० (तीस) दिने सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. राशन टेण्डर फाराम प्रति एकको रु ३,०००।- (तीन हजार मात्र) रा.वा. बैंक पाल्पा शाखाको खाता नं. १०००२०००१०००० राजश्व शिर्षक १४२२९ डिभिजन वन कार्यालय, पाल्पाको कोड नं. ३०७०२५००१५ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरेपछि यस कार्यालय, श्री जिल्ला प्रशासन कार्यालय, पाल्पा तथा श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाल्पाबाट मिति २०७६/८/१० देखि मिति २०७६/९/९ गतेसम्म कार्यालय समयभित्र मू.अ.कर प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, आ.ब. ०७५/७६ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि राखी खरिद गर्न सकिनेछ ।

२. टेण्डर दाताले शिलवन्दी टेण्डर पेश गर्दा राशन टेण्डरमा दिईएको परिमाणले वार्षिक लागत अंकको हुन आउने रकमको ३ प्रतिशत डिपोजिट रकम रु.१,२७,३२२।- (अक्षरुपी : एक लाख सत्ताइस हजार तीन सय बाइस मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा रा.वा.बैंक पाल्पा शाखामा रहेको धरौटी खाता नं. ३०३०५०२०००००० डिभिजन वन कार्यालय, पाल्पाको कोड नं. ३०७०२५००१५ मा जम्मा गरेको बैंक दाखिला भौचर, वा इजाजत प्राप्त वाणिज्य बैंकवाट यस कार्यालयको नाममा नियमानुसार जारी भएको विडवण्ड, मू.अ.कर प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, आ.ब. ०७४/७५ को कर चुक्ता प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि शिलबन्दी टेन्डर फाराममा संलग्न राखी पेश गर्नु पर्नेछ । राशन ठेक्का स्वीकृत भएमा स्वीकृत भएको सुचना प्राप्त भएको ७ दिन भित्र कबोल अंकको ५ प्रतिशतमा नपुग हुने थप धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पाको धरौटी हि.नं. ३०३०५०२०००००० डिभिजन वन कार्यालय, पाल्पाको कोड नं. ३०७०२५००१५ मा जम्मा गर्नुपर्नेछ । तोकिएको समयमा धरौटी दाखिला नगरेमा टेन्डर रद्द हुनेछ ।

३. एक व्यक्ति वा फर्मको नामबाट बिक्री भएको टेन्डर फर्म अर्को व्यक्ति वा फर्मको नामबाट भरी पेश गर्न पाईने छैन । पेश गरेको पाईएमा स्वतः बदर हुनेछ ।

४. टेन्डर फारममा उल्लेख भएका महल राम्रोसंग अध्ययन गरी प्रत्येक महलका दफा दफामा उल्लेख भए अनुसार दिनु पर्ने मालसामानको दररेट केरमेट नगरी स्पष्ट अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेखिनु पर्नेछ । केरमेट गरेको ठाउँमा सही नगरेमा टेण्डर बदर गरिने छ । टेण्डर फाराम खाम भित्र राखी शिलबन्दी गरी खाममा लाहाछाप लगाई टेण्डर दाताको नाम, थर, वतन खुलाई सूचना प्रकाशित भएको मिति २०७६/८/१० देखि मिति २०७६/९/९ गते कार्यालय समय भित्र राशन टेण्डर खरिद गर्न सकिने छ र सूचना प्रकाशनको मितिले ३१ औँ दिन दिनको १.०० बजे सम्ममा यस कार्यालयमा स्वयं टेण्डरदाता वा रित पूर्वकको प्रतिनिधि आई दर्ता गराउनु पर्नेछ ।

५. प्राप्त हुन आएको शिलबन्दी टेण्डरहरु मिति २०७६/९/११ गते दिनको २:०० बजेपछि नियमानुसार कार्यालय प्रतिनिधि तथा टेण्डर दाता/प्रतिनिधिको रोहबरमा डिभिजन वन कार्यालय पाल्पामा खोलिनेछ, । कुनै कारणवश सो दिन विदा पर्न गएमा कार्यालय खुल्दाका दिन सोहि समयमा राशन टेण्डर फारम खोलिनेछ ।

६. राशन संबन्धी टेण्डर पेस गर्दा २ वा २ भन्दा बढी बस्तु (आइटम) मा प्रचलित बजार मूल्यको ५० प्रतिशत भन्दा बढी दररेट उल्लेख गरेको पाइएमा त्यस्तो शिलबन्दी टेण्डर रद्द गर्न सकिनेछ ।

७. राशन ठेक्का स्वीकृत भएमा प्रचलित ऐन नियममा उल्लेख भए अनुसार संभौताको अवधिभर मान्य हुने बैंक ग्यारेन्टी लिई राशन भण्डार गर्नको लागि कुल ठेक्का अंकको २५ प्रतिशतसम्म पेश्की रकम दिन सकिनेछ । सो पेश्की रकम दामासाहीले मासिक रुपमा सोही आ.व.को अन्तसम्ममा फछ्र्यौट गराई सक्नुपर्नेछ ।

८. कार्यालयबाट अर्को वर्षमा कारणवश राशन ठेक्का हुन नसकेमा वा ढिलो भएमा डिभिजन वन कार्यालयको अनुरोधमा साविक ठेकेदारले नै साविकको सकार दररेटमा राशन खुवाउनु पर्नेछ ।

९. स्केल बमोजिमको जिन्सी राशन संबन्धित राशन खाने डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयहरु समेतमा प्रत्येक महिनाको ७ दिन अगावै सम्बन्धित ठेकेदार वा निजको प्रतिनिधिले आफ्नो तर्फबाट ढुवानी गराई सम्बन्धित डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालयहरुमा अथवा सम्बन्धित कर्मचारीलाई बुझाउनु पर्नेछ । स्केल बमोजिमको जिन्सी राशन उपलब्ध नगराई नगद उपलब्ध गराएको जानकारी प्राप्त भएमा ठेक्का तोडिने तर्फ कारवाही गरिनेछ ।

१०. संभौता अवधिभर कुनै मुल्य वृद्धि दिइने छैन र भण्डारण हुन नसक्ने कच्चा तरकारी, मासु आदि दैनिक उपलब्ध गराउने व्यवस्था ठेकेदारले गर्नुपर्नेछ ।

११. ठेकेदारले प्रत्येक महिना भुक्तान भएको १५ दिन भित्रमा राशन उपलब्ध गराएको फारम सहित मू.अ.कर को कर विजक पेश गर्नु पर्नेछ र निजले पेश गरेको फाँटवारीबाट निजका नाममा पेश्की बांकी भए २५ प्रतिशत रकम पेश्की, १.५ प्रतिशत अग्रिम आयकर र ५ प्रतिशत धरौटी र ६.५% मू.अ.कर कटाई बाँकी रकम मात्र भुक्तानी दिईनेछ । यसरी भुक्तानी दिदा कट्टि गरिएको १.५ प्रतिशत अग्रिम आयकर फिर्ता हुने छैन । धरौटीको हकमा आर्थिक कार्यविधि नियमावलीको नियम ६३ बमोजिम धरौटी खातामा जम्मा हुनेछ । ठेक्कापट्टा समाप्त भए पश्चात सम्बन्धित ठेक्कापट्टा फर फारकको प्रगति विवरणको अधिनमा रही नियमानुसार धरौटि रकम फिर्ता गरिने छ ।

१२. टेण्डर दाताले टेण्डर फारम भर्दा मूल्य अभिवृद्धि कर बाहेकको दररेट मात्र उल्लेख गर्नु पर्नेछ ।

१३. ठेकेदारले नमुना अनुसारको गुणस्तरको रासन सम्बन्धितसव-डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा उपलब्ध गराए, नगराएको डिभिजनल वन अधिकृत वा निजले खटाएको प्रतिनिधिबाट आवश्यकता अनुसार निरीक्षण हुन सक्नेछ । नमुना अनुसारको राशन तोकिएको ठाउँहरुमा उपलब्ध नभएको पाइएमा वा लिखित उजुरी परेमा कार्यालय प्रमुखले ठेकेदारसँग बुझि ठेक्का तोड्ने तर्फ आवश्यक कारवाही गर्न सक्नेछ । मासु, हरियो सब्जी, र आलु बाहेकका अन्य जिन्सी सामाग्री राशन टेन्डरमा उल्लेख भए अनुसारको गुणस्तरको नमुना छर्लङ्ग देखिने गरी बट्टामा शिलबन्दी गरी प्रत्येक टेण्डर दाताले टेन्डर फारम दर्ता गराउँदा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । राशनको नमूना पेश नगरेमा टेण्डर फारम रद्द गर्न सकिनेछ ।

फोन नं. ०७५-५२०००२
फ्याक्स नं. ०७५-५२०३१०

प्रदेश सरकार
५ नं. प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

डिभिजन वन कार्यालय पाल्पा

रासन ठेक्का वन्दोवस्त सम्बन्धि सूचना

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशन मिति :- २०७६।८।१०

१४. ठेक्का स्वीकृत भएको ठेकेदारको बाहेक पर्न आएको अन्य टेन्डर दाताहरुको धरौटी रकम ठेक्का स्वीकृत भएको ठेकेदारसंग ठेक्का सम्झौता भए पछि मात्र नियमानुसार फिर्ता गरिनेछ ।

१५. राशन ठेक्का स्वीकृत भएको ठेकेदारले ७ दिन भित्र ठेक्कापट्टा उठाउनको लागि उपस्थित हुन नआएमा वा आलटाल गरेमा, निजले राखेको डिपोजिट रकम जफत गरी नेपाल सरकारको खातामा जम्मा गरिनेछ तथा दोश्रो सकारकर्ता संग नियमानुसार ठेक्कापट्टा बन्दोबस्त गराइनेछ ।

१६. ठेकेदारले ठेक्का स्वीकृत भएपछि राशन खरिद गर्नको लागि पाउने २५ प्रतिशत पेश्की रकम लिई कम्तीमा ३ महिना सम्म सडिगलि जाने बाहेकको जिन्सी सामान खरिद गरी स्टक राख्नु पर्नेछ । उक्त स्टकको निरीक्षण डिभिजन वन कार्यालयबाट मासिक रुपमा गरिनेछ । पेश्की लिई रासन खरिद नगरेको पाइएमा पेश्की रकम व्याज सहित असुल उपर गरिने छ ।

१७. सुख्खा खडेरी जस्ता अन्य दैवी प्रकोप परे पनि अन्यत्र स्थानबाट जिन्सी राशन सामग्री ल्याई खुवाउनु पर्नेछ ।

१८. राशन ठेक्कापट्टा सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा संपर्क राखी बुझ्न सकिनेछ ।

१९. बार्षिक लागत अंक मू.अ. कर बाहेक रु.४२,४४,०३६।७७ (अक्षरुपी : बयालिस लाख चौवालिस हजार छत्तिस रुपैया सतहत्तर पैसा मात्र) कायम रहेको छ ।

२०. उक्त शर्तहरुमा नखुलेको तथा छुट हुन गएको अन्य कुराहरु प्रचलित आर्थिक ऐन, सार्वजनिक खरीद ऐन, २०६३ र नियमावाली, २०६४ (संशोधन सहित) मा उल्लेख भए बमोजिम हुनेछ । जवान १ को लागि दिन १ को स्केल तपसिलमा उल्लेख गरिएको छ ।

तपसिल

शसस्त्र वन रक्षक बाहेकको लागि

क्र.सं.	सामानको नाम	प्रति दिन प्रति जवानको राशन स्केल	कैफियत
१	चामल (मसिनो)	६८१ ग्राम	
२	अडहरको दाल	५६.२ ग्राम	
३	आलु	११५ ग्राम	
४	हरियो तरकारी (विषादी रहित)	१७५ ग्राम	
५	चिनी	२८.४ ग्राम	
६	ध्यू (गाई/भैसिको)	२८.४ ग्राम	
७	नून पाकेट (आयोडिन युक्त)	२८.४ ग्राम	
८	मासु (खसि/बोकाको)	२५ ग्राम	
९	मसला	१५ ग्राम	
१०	तोरीको शुद्ध तेल (मी.ग्रा.)	१४.२ मि.लि.	
११	कन्डेन्स मिल्क (दुध)	१४ ग्राम	
१२	चियापत्ति	२ ग्राम	

शसस्त्र वन रक्षकको लागि

क्र.सं.	सामानको नाम	प्रति दिन प्रति जवानको राशन स्केल	कैफियत
१	चामल अरुवा मन्सुली	७२० ग्राम	
२	अडहरको दाल	८० ग्राम	
३	तोरिको तेल	२५ मि.ली	
४	बनस्पती घिउ	३० ग्राम	
५	चिनी	३० ग्राम	
६	नुन	३० ग्राम	
७	ताजा तरकारी	१५० ग्राम	
८	आलु	१२५ ग्राम	
९	मसला	२० ग्राम	
१०	सुख्खा तरकारी	५० ग्राम	
११	खसीको मासु	३० ग्राम	
१२	कुखुराको मासु	२५ ग्राम	
१३	कुखुराको फुल (हप्ताको ४ गोटा)	४ गोटा	
१४	चियपत्ती	२ ग्राम	
१५	दाउरा	१३६० ग्राम	
१६	मट्टीतेल	१५ ग्राम	
१७	कन्डेन्स मिल्क	१५ ग्राम	
१८	बिस्कुट	४३ ग्राम	
१९	प्याज सुकेको	२० ग्राम	